मदत दिनेछन् र उनीहरूलाई कुनै तरहको सहायताको सुविधा पुग्न देओइनन् ।

सबै जागीरदार, सेना, पुलीस, रक्षादल अथवा अरू सरकारी कर्मचारीहरूसँग पूर्ण आशा छ कि उनीहरू आफ्नो आफ्नो स्थानमा पूर्ण उत्तरदायित्व र नेकनीयतले काम गरिरहने छन् ।

माघ १०।२००८ श्री ५ महाराजाधिराजको हुकुमले

## शाही घोषणा

कुनै व्यक्तिहरूले आज गरेको ऐनकानुन बर्खिलाप कारवाईले गर्दा मुलुकमा संकटकालीन अवस्था घोषणा गरियो र श्री ५ महाराजाधिराजको हुकुमले मा. प्र. मन्त्रीले मं. मं. र शासनको पूरा अभिभारा ग्रहण गर्नुभएको छ ।

देशवासीहरू सबैले बिलकुल शान्त रही देशमा शान्ति सुव्यवस्था ल्याउन सरकारलाई पूरा सहयोग गर्नेछन् भन्ने आशा गरिएको छ ।

## श्री ५ महाराजाधिराजको वक्तव्य

श्री ५ महाराजाधिराजबाट सबै जंगी जवान, निजामती जागीरदार र अरू सबै प्रजाहरूलाई बक्सिएको वक्तव्य यस्तो छ। —

आज अनुचित प्रयास गरेर शान्तिमा कसैले खलल पारेका छन् र प्रजातन्त्रमा वैधानिक तथा न्यायोचित तरीकाबाट गरिने कुराहरू हातमा कानुन लिई मनपरी गर्नु न्यायसंगत कुरा होइन। सरकार पूरा तरहले सचेत छ र अनुचित उपद्रवहरूलाई शान्त गर्न सचेष्ट छ। सबै जनाको कर्तव्य आज मुलुकमा खून-खराबीबाट बचाउनु हो। कसैले पनि हडबडाउने र चिन्ता लिने काम पनि छैन। सबैले शान्ति कायम राखी सरकारलाई चाहिएको सहयोग दिउन् तथा आफ्ना काममा दृढतापूर्वक व्यस्त रहून् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।